# माडी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बसन्तपुर, चितवन

सूचनाको हकसम्बन्धी ऐन, २०६४, को दफा ५(३)

र

नियमावलीको नियम ३ बमोजिम

सार्वजनिक गरिएको विवरण

*अफिसियल वेबसाईट :- www.madimunchitwan.gov.np*
*अफिसियल इमेल : dms.maddimunchitwan@gmail.com*
*अफिसियल फेसबुक :- हेल्लो माडी नगरपालिका*
*फोन नम्बर :- 056501041 / 056501021*

CamScanner

# सूचनाको हकसम्बन्धी ऐन, २०६४, को दफा ५(३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

**१) सूचना सार्वजनिक गर्ने निकायको नाम**

- माडी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

**२) सूचना सार्वजनिक गरेको अवधि**

- वार्षिक - प्रथम त्रैमासिक - (असार, श्रावण र भाद्र) आ.व. : २०८२/०८३

**३) कार्यालयको स्वरुप र प्रकृति**

- साविकका ४ वटा गा.वि.स.हरु अयोध्यापुरी, माडी कल्याणपुर , बघौडा र गर्दीलाई समेटेर वि.सं. २०७३ सालमा माडी नगरपालिका घोषणा भएको
- यसको सिमानामा पूर्वमापर्सा जिल्ला, पश्चिममा चितवन राष्ट्रिय निकुञ्ज, उत्तरमाचितवन राष्ट्रिय निकुञ्ज र दक्षिणमा पर्सा जिल्ला र भारत
- भौगोलिक अवस्थिति अनुसार यस नगरपालिका ८४ डिग्री १५ मिनेट २० सेकेण्ड देखि ८४ डिग्री ३२ मिनेट ३३ सेकेण्ड पूर्वी देशान्तर सम्म फैलिएको र २७ डिग्री २१ मिनेट, १६ सेकेण्ड देखि २७ डिग्री ३० मिनेट ४९ सेकेण्ड उत्तरी अक्षांस सम्म फैलिएको क्षेत्रफल २१८.५२ वर्ग कि.मी. रहेको छ। यस नगरपालिकाको उत्तर दक्षिणको लम्वाई २९.११ कि.मि.
- माण्डव्य ऋषिले यस भूमीमा तपस्या गरेर यहाँका बासिन्दाहरुलाई मार्ग दर्शन गर्नु भएको र माण्डव्य ऋषिको तपस्थली भएकाले माडी भनिएको भन्ने किम्बदन्ती
- यहाँका आदीबासी थारुहरुले आफ्नो भाषामा पानी जमेको स्थानलाई माड् भन्ने गरेका र माडी उपत्यका भित्र पानी जमेको देखेर थारुहरुले माड्-माड् भन्दै आउदा माडी नाम रहेको आदीबासी थारुजातीका बुढापाका, बुद्धिजिवीहरुको कथन रहेको

**४) काम कर्तव्य र अधिकार**

- सहकारी संस्था व्यवस्थापन
- स्थानीय कर सेवा शुल्क र दस्तुर
- एफ एम् सञ्चालन
- स्थानीय सेवाको व्यवस्थापन
- स्थानीय तथ्याकं संकलन अभिलेख संकलन
- स्थानीय स्तरका विकास आयोजना र परियोजना
- आधारभूत र माध्यामिक शिक्षा
- आधारभूत स्वास्थ्य तथा सरसरफाई
- स्थानीय बजार व्यवस्थापन वातावरण संरक्षण र जैविक विविधता
- स्थानीय सडक ग्रामिण सडक कृषि सडक र सिंचाई
- नगर सभा मेलमिलाप तथा मध्यस्तताको व्यवस्थापन
- बेरोजगार तथ्यांक संकलन
- स्थानीय अभिलेख व्यवस्थापन
- जग्गा धनी दर्ता प्रमाण पुर्जा वितरण
- कृषि तथा पशुपालन कृषि व्यवस्थापन पशु स्वास्थ्य सहकारी
- जेष्ठ नागरिक अपागंता भएका व्यक्ति र अशक्तको व्यवस्थापन
- कृषि प्रसारको व्यवस्थापन सञ्चालन र नियन्त्रण
- खानेपानी तथा वैकल्पिक उर्जा
- विपद् व्यवस्थापन
- जलाधार वन्यजन्तु खानी तथा खनीज पदार्थको संरक्षण
- भाषा संस्कृति र ललितकलाको संरक्षण र विकास
- नगर प्रहरी व्यवस्थापन

प्रविण भण्डारी
सूचना अधिकारी

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## ५) कार्यालय (स्वास्थ्य संस्थाहरुमा समेत) मा रहने कर्मचारी संख्या र कार्य विवरण

| क्र.सं. | कार्यालय | स्थायी कर्मचारी | करार कर्मचारी | दैनिक ज्यालादारी | कुल |
|---|---|---|---|---|---|
| १ | नगर कार्यपालिका तथा वडा कार्यालय | ३६ | ५७ | २७ | १२० |
| २ | स्वास्थ्य संस्थाहरु | १८ | ३० | ६ | ५४ |
| ३ | बघौडा अस्पताल | १९ | २९ | ५ | ६३ |
| ३ | कुल | ७३ | ११६ | ३८ | २३७ |

## ६) निकायबाट प्रदान गरिने सेवा

- नागरिक वडापत्र, २०७९/८० अनुसार

## ७) निर्णय गर्ने प्रक्रिया र अधिकार

- नगर सभा - नगर कार्यपालिका - विषयगत समिति - विषयगत शाखा तथा वडा कार्यालय

## ८) निर्णय उपर उजुरी सुन्ने अधिकारी

- सम्बन्धीत शाखाको शाखा प्रमुख र शाखा प्रमुखबाट समेत चित्त नबुझेमा प्रमुख प्रशासकीय अधिकृत
- नगरपालिकाको समग्र विषयवस्तु - नगर प्रमुख
- न्यायिक विषय - नगर उप-प्रमुख

## ९) सम्पादन गरेको कामको विवरण

मिति २०८२ भाद्र २३ गते मानव सेवा आश्रमसँगको सहकार्यमा माडी नगरपालिकालाई सहयोगापेक्षी सडक आश्रित मानवमुक्त माडी नगरपालिका घोषणा

चालु आर्थिक वर्षको सुरुवातमा नै नगरपालिका क्षेत्र भित्र योग क्षेत्रमा कार्य गरिरहेकाहरुका लागि ३ दिने बोल्ने कला सम्बन्धी प्रशिक्षण कार्य सम्पन्न

चालु आर्थिक वर्षमा ५३२९ जनालाई रु.५,१९,९६,६६२।- रकम सामाजिक सुरक्षा भत्ता वितरण गरिएको ।

हनुमानझुलामा १ दिने घुम्ती शिविर सञ्चालन गरी आ.व. २०८२।०८३ सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण नविकरण गरिएको ।

सामाजिक सुरक्षा भत्ता वितरण पूर्णत बैंकिङ्ग प्रणाली मार्फत् गरिएको

**पञ्जिकरण तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी विवरण**

जन्मदर्ता: पुरुष ८७ महिला ८५ कुल १७२

मृत्यूदर्ता: पुरुष ५८ महिला ४२ कुल १००

सम्बन्धविच्छेद: १६

विवाहदर्ता: ७८

बसाई सरी आएका: ३९ परिवार ८३ जना

बसाई सरी गएका: ७१ परिवार १८८ जना

प्रविण भण्डारी
सूचना अधिकारी

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**न्यायिक समिति एवम् मेलमिलाप तर्फ**

दर्ता भएका उजुरी - ३० मेलमिलाप भएका - २३

मेलमिलाप नभएका - ७ अदालत जाने संख्या नभएको

न्यायिक समितिको ईजलास कक्ष स्थापना भई सञ्चालनमा ल्याईएको ।

नगरपालिका तथा वडाका मेलमिलाप समितिलाई सक्रिय बनाई छिटो उजुरीको कार्यान्वयन हुने व्यवस्था मिलाईएको ।

**योजना तथा पूर्वाधार विकास तर्फ**

निर्माण तर्फ दश करोड अठार लाख त्रिहतर हजार सात सय दुई रुपियाँ बराबरको ६ वटा ठेक्का सम्झौता भई कार्यान्वयनमा रहेको साथै ५ वटा ठेक्का सम्झौता हुने चरणमा रहेको ।

आ.व. २०८१।८२ को क्रमागत योजनाहरु ४ नं. वडा कार्यालय भवन निर्माण, २ वटा कल्भर्ट र गर्दी स्वास्थ्य चौकी भवनको दोस्रो तल्लामा पूर्वाधार निर्माण सम्पन्न भईसकेको।

नगर स्तरीय र वडा स्तरीय गरि ७९ वटा योजना सम्झौता भई कार्यान्वयनमा रहेको । तथा १२ वटा कार्यक्रमहरु सम्झौता भै सञ्चालनमा रहेको ।

नविकरणीय उर्जा तर्फ १२०४ जनाको माग संकलन भई सामग्री व्यवस्थापनको प्रक्रियामा रहेको ।

चितवन राष्ट्रिय निकुञ्ज भित्र धुलोका कारण यात्रुलाई निकै कष्ट सहनु परेको अवस्थालाई मध्यनजर गर्दै तत्कालका लागि धुलो नउड्ने अवस्था सिर्जना गर्नका लागि दैनिक पानी हाल्ने व्यवस्था मिलाईएको ।

**कृषि तर्फ**

मागमा आधारित पाइप लाइनिङ कार्यक्रम लागि सूचना प्रकाशित भई आवेदन माग भएको मा १९ जनाको निवेदन दर्ता भएको, अनुगमनको चरणमा रहेको

मागमा आधारित कुलो लाइनिङ कार्यक्रमको लागि सूचना प्रकाशित भई आवेदन माग भएको मा १६ जनाको निवेदन दर्ता भएको, अनुगमनको चरणमा रहेको

मागमा आधारित कृषि कार्यक्रमको लागि सूचना प्रकाशित भई आवेदन माग भएको मा ३६ जनाको निवेदन दर्ता भएको, अनुगमन, छनोट तथा सम्झौताको काम बाँकी रहेको

इको माडी प्रवर्द्धन कार्यक्रमको लागि सूचना प्रकाशित भई आवेदन माग भएकोमा पर्याप्त आवेदन नपरेको हुँदा म्याद थपको सूचना प्रकाशन गर्न बाँकी रहेको

नविनतम खेती प्रविधि प्रवर्द्धन तथा हस्तान्तरण कार्यक्रमको लागि मिति २०८२/०७/२६ गते सूचना प्रकाशित भई अनुगमनको चरणमा रहेको

**पशुपछी तथा मत्स्य विकास तर्फ**

नगरपालिकाको विपद व्यवस्थापन शिर्षकबाट सामुदायिक कुकुरहरूमा निःशुल्क बन्ध्याकरण तथा रेबिज खोप कार्यक्रम मार्फत २०३ वटा सामुदायिक तथा घरपालुवा कुकुरहरूमा बन्ध्याकरण कार्य सम्पन्न गरिएको।

प्रविण भण्डारी
सूचना अधिकारी

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

फार्म सुधार तथा विस्तार कार्यक्रम र पशुपन्छी तथा मत्स्य क्षेत्र यान्त्रीकीकरण कार्यक्रम सञ्चालनको प्रस्ताव आह्वानको सूचना प्रकाशन गरिएको र पेश भएका प्रस्ताव अनुसार अनुगमन भइसकेको र लाभग्राही छनौटको चरणमा पुगेको।

खोप कार्यक्रम, महामारी तथा आकस्मिक औषधी व्यवस्थापन कार्यक्रमबाट रेबिज खोप खरिद गरि आकस्मिक रूपमा पशुवस्तुमा स्याल तथा कुकुरले टोकेको अवस्थामा गोठमै गई रेबिज खोप कार्य गरिएको।

प्रदेश अन्तर्गतको माछा प्रवर्द्धन कार्यक्रम र बंगुरपालन प्रवर्द्धन कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वानको सूचना प्रकाशन गरिएको।

नगरपालिकाको दुधमा अनुदान प्रती लि. रू ४ निरन्तरता कार्यक्रम र प्रदेशको उत्पादनमा आधिरित दुधमा अनुदान कार्यक्रम सञ्चालनको क्रममा रहेको र सूचना प्रकाशन गरि आवेदन माग गरिएको।

**शिक्षा तर्फ**

शैक्षिक सत्र २०८२ को लागि कक्षा १-५ को स्थानीय पाठ्यपुस्तक (हाम्रो माडी) छपाई तथा विद्यालयमा वितरण,

कक्षा ६-८ को स्थानीय पाठ्यपुस्तक (हाम्रो माडी) लेखन कार्यदल निर्माण तथा लेखन प्रक्रियाको सुरुवात,

प्रारम्भिक वालविकास, विद्यालय सहयोगी, विद्यालय लेखा कर्मचारी छनौट तथा परीक्षा संचालन सम्वन्धि मापदण्ड, २०८२ नगर कार्यपालिका बाट स्वीकृत भई कार्यन्वयन भएको,

सामुदायिक विद्यलयमा कार्यरत बालविकास सहजकर्ताहरूलाई ३ दिने मनोसामाजिक कार्यक्रम संचालन,

विद्यालय अनुगमन / निरीक्षण कार्यक्रमलाई अनुगमन सूचक निर्माण गरी प्रभावकारी बनाईएको,

विद्यालय व्यवस्थापन समिति गठन प्रक्रियामा सहजीकरण, शिक्षक छनौट परीक्षा संचालन,

विद्यार्थी संख्या र शिक्षक अनुपात नमिलेका विभिन्न विद्यालयहरुमा वालविकास सहजकर्ता सुचिकृत गरी खटाईएको,

शिक्षक कर्मचारीहरुको तलब भत्ता, विद्यार्थीहरुको लागि दिवा खाजा लगायत नियमित प्रशासनिक काम गरिएको,

**स्वास्थ्य तर्फ**

सकृय क्षयरोग खोजपड्ताल कार्यक्रम मार्फत माडी वडा न.१ र ९ मा गरि जम्म ६४७ जनाको छातीको X-ray गर्दा १५ जना क्षयरोगका बिरामी पता लगाई उपचारम संलग्न गरि क्षयरोगलाई जनस्वास्थ्यको समस्याबाट न्यूनीकरण गर्ने कार्य गरिएको

आ.व.०८१/०८२ को बार्षिक प्रगति समिक्षाबाट बर्ष भरि गरिएका स्वास्थ्य सम्बन्धि महत्वपूर्ण सूचकहरुको आधारमा जिल्ला स्तरीय मापनबाट जिल्ला भरिका पालिक मध्येमा दोस्रो स्थान हासिल गर्न सफल पालिका भएको ।

बघौडा अस्पतालमा पोस्टमार्टम सेवा सुरुवात गरिएको ।

प्रविण भण्डारी
सूचना अधिकारी

प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

यही २०८२ मङ्सिर १९ गते भव्यरुपमा सामुदायिक महिला स्वास्थ्य स्वयं सेविन दिवस मनाइएको साथै दुई जना अवकासप्राप्त महिला स्वास्थ्य स्वयंसेविकाला जनही रु. एक लाखका दरले प्रसंशा सहितको सम्मान राशी उपलब्ध गराइएको ।

राष्ट्रिय भिटामिन ए कार्यक्रम कार्तिक २० र २१ गते सबै ६ महिना देखि ५ मुनिका बालबालिकालाई भिटामिन ए (१०१%) र जुकाको औषधि (९७ %) व साथै बालभिटा पोषकतत्व खुवाउने कार्य सफलतापुर्वक सम्पन गरिएको ।

९७ जना दिर्घरोगी मृगौला प्रत्यारोपण, क्यान्सर र डाईलायासिस जस्ता बिरामीहरु त्रैमासिकरुपमा कुल जम्मा रकम चौध लाख पन्चानब्बे हजार प्रति महिना ५ हजा दरले हुने गरि भुक्तानी गरिएको ।

९८ जना सुत्केरीलाई रु ५ लाख साठी हजार नौ सय आमा सुरक्षा कार्यक्रम म सुत्केरी आमाहरुलाई हस्तान्तरण गरिएको ।

**सामाजिक विकास तथा आर्थिक विकास तर्फ**

अपाङ्ग परिचय पत्र वितरण चालु आर्थिक वर्ष १७ जना

"क" वर्गको रातो परिचय पत्र वितरण चालु आर्थिक वर्ष ३ जना

"ख" वर्गको निलो परिचय पत्र वितरण चालु आर्थिक वर्ष ८ जना

"ग" वर्गको पहेँलो परिचय पत्र वितरण चालु आर्थिक वर्ष ४ जना

"घ" वर्गको सेतो परिचय पत्र वितरण चालु आर्थिक वर्ष २ जना

वडा स्तरीय बाल अधिकार समिति गत आर्थिक वर्षमा गठन गरिएकोमा चालु आर्थिक वर्षमा नगर बाल अधिकार समिति गठन गरिएको ।

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति गठन सम्बन्धी कार्यविधि पारित गरी सोही अनुसार समिति गठन गरी आवश्यक कार्य प्रारम्भ गरिएको ।

**१०) कार्यालय प्रमुख र सूचना अधिकारीको विवरण**

- कार्यालय प्रमुखको नाम : जगत प्रसाद भुसाल, प्रमुख प्रशासकीय अधिकृत, ९८५५०५०३०६
- सूचना अधिकारीको नाम : प्रवीण भण्डारी, सूचना प्रविधि अधिकृत, ९८५५०१४०३६

**११) ऐन, नियम, विनियम वा निर्देशिकाको विवरण**

- नियमावली - ४
- निर्देशिका - ५
- कार्यविधि - ४७
- ऐन - ७

**१२) आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण**

माडी नगरपालिकाको विनियोजन र खर्च

| विवरण | विनियोजित रकम | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु तर्फ | ६८,५१,६९,८४५।९७ | १६,३८,२७,३५१.६९ | २३.९१ |
| पूजिगत तर्फ | २४,१५,१८,७०४।०० | ४२,३७,३६८.४९ | १.७५ |
| जम्मा | ९२,६६,८८,५४९।९७ | १६,८०,६४,७२०.१८ | १८.१३ |

प्रवीण भण्डारी
सूचना अधिकारी

प्रमुख प्रशासकीय अधिकृत

विशेष नगर सभामार्फत् चितवन राष्ट्रिय निकुञ्ज भित्रको सडकलाई टायल सहितको निर्माणका लागि बजेट विनियोजन भई कार्य प्रारम्भ गरिएको ।

राजश्व आम्दानी

| स्रोत | प्रस्तावित आय | वास्तविक आय | प्रतिशत |
|---|---|---|---|
| संघीय सरकार | ४७,७४,००,००० | १४,१७,७५,००० | २९.७० |
| प्रदेश सरकार | ८,०९,८७,००० | १,२६,२१,७५० | १५.५८ |
| राजश्वबाँडफाँड | २३,४१,५८,४४४.२९ | ६,४२,३४,५२५.२३ | २७.४३ |
| आन्तरिक स्रोत राजश्व | १३,४१,४३,१०५.६८ | ९,८३,५६,७००.५२ | ७३.३२ |
| जम्मा | ९२,६६,८८,५४९.९७ | ३१,६९,८७,९७५.७५ | ३४.२१ |

आन्तरिक स्रोत क्रसरको आम्दानी

प्रस्तावित आय ३,८०,००,०००/- वास्तविक आय ६४,६८,५४३/-

आन्तरिक स्रोत हेभी ईक्वीपमेन्ट

प्रस्तावित आय २,५०,००,०००/- वास्तविक आय १,३९,१००/-

**१३) सार्वजनिक निकायको वेभसाईट भए सो को विवरण**

- www.madimunchitwan.gov.np

**१४) सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण**

लिखित रुपमा सूचना माग भएको संख्या : १
सबै मागकर्तालाई सूचना उपलब्ध गराइएको

(प्रवीण भण्डारी)
सूचना अधिकारी
प्रविण भण्डारी
सूचना अधिकारी

(जगत प्रसाद भुसाल)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

**मिति : २०८२ कार्तिक १४ गते शुक्रवार**